नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

# राष्ट्रिय संग्रहालय

छाउनी, काठमाण्डौ

फोन नं. ०१४२७१५०४, ०१४२७१४७८
नोटिश बोर्ड नं. १६१८०१४२७१५०४
इमेल : nationalmuseum147@gmail.com
वेभसाइट : www.nationalmuseum.gov.np

पत्र संख्या :
चलानी नं. :

## राष्ट्रिय संग्रहालयको चमेनागृह भाडामा दिने सम्बन्धी सूचना

यस राष्ट्रिय संग्रहालय परिसरस्थित करिव १५७५ वर्ग फिटमा बनेको भवनमा ५बर्षको लागि चमेनागृह सञ्चालन गर्न भाडामा दिनुपर्ने भएकोले निम्न शर्तहरु पालना गर्न इच्छुकले पर्यटन ऐन २०३५, होटल, लज, रेष्टुराँ तथा रिसोट वार तथा पथप्रदर्शक नियमावली, २०३८, बमोजिम दर्ता, भएका फर्म, कम्पनी, वा संस्थाबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि सिलबन्दी कोटेशन पेश गर्नुहुन यसै सूचना द्वारा जानकारी गराईन्छ ।

### चमेनागृह सञ्चालन गर्ने शर्तहरु :

१. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र राष्ट्रिय संग्रहालयको कार्यालय समयभित्र बोलपत्र फारम बापत रु.१००० (अक्षररुपी एक हजार रुपैया फिर्ता नहुने गरी मात्र) राष्ट्रिय वाणिज्य बैंकमा कार्यालय कोड – ३२५०२३५०४, राजस्व संकेत १४२२९ र खाता नं. १०००१००२०००१०००० मा बुझाएको रसिद संलग्न गरी खरिद गर्न सकिनेछ ।

२. उल्लेखित चमेनागृहको न्यूनतम भाडादर रु २००००।- ( बिसहजार मात्र ) निर्धारण गरिएको छ । साथै दरभाउपत्र दाताले कबोल अंकको २५ प्रतिशत रकम धरौटी बापत राष्ट्रिय वाणिज्य बैंकमा खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल रसिद सहित दरभाउ पत्र पेश गर्नु पर्नेछ ।

३. चमेनागृह सञ्चालनका लागि संग्रहालयले चमेनागृहको लागि बनाएको भवन उपलब्ध गराउनेछ ।

४. उक्त भवनमा फर्निचर तथा फिक्चर्सको व्यस्थापन स्वंय चमेनागृह सञ्चालकले गर्नु पर्नेछ र फर्निचर फिक्चर्स नयाँ हुनुपर्नेछ ।

५. विभिन्न प्रकोप तथा आगलागीबाट चमेनागृह तथा चमेनागृहका कर्मचारीहरु सुरक्षित रहनका लागि Fire extinguisher , बिमा लगायतका सुरक्षाव्यवस्थापन स्वंय चमेनागृह सञ्चालकले गर्नु पर्नेछ ।

६. चमेनागृह संग्रहालय खुला भएको दिनमा कार्यालय समयमा अनिवार्य संञ्चालन गर्नुपर्नेछ, संग्रहालय बन्द हुने र सार्वजनिक बिदाको दिनमा चमेनागृह संञ्चालन गर्न पाईनेछैन ।

७. चमेनागृह परिसरमा "चमेनागृह" भन्ने बाहेक अन्य कुनै पनि साइनबोर्ड राख्न एवं विज्ञापन गर्न पाईनेछैन ।

८. चमेनागृहमा विदेशी र स्वदेशी दर्शकहरुको लागि २ प्रकारको मेनु र सोहि अनुसारको मुल्यसुची राख्नु पर्नेछ र संग्रहालयका कर्मचारीहरुको लागि २५%.छुटको व्यवस्था हुनुपर्नेछ ।

फोन नं. ०१४२७१५०४, ०१४२७१४७८
नोटिश बोर्ड नं. १६१८०१४२७१५०४
इमेल : nationalmuseum147@gmail.com
वेभसाइट : www.nationalmuseum.gov.np

पत्र संख्या :
चलानी नं. :

९. खाजाहरुको दररेट बजारमा प्रचलित दररेट अनुसार हुने गरी सम्झौता गर्दा निर्धारण गरिनेछ। खाना तथा खाजा खाद्य तथा गुणस्तर विभागले निर्धारण गरे अनुसारको स्वस्थकर तथा गुणस्तरयुक्त हुनुर्पेछ।

१०. चमेनागृहको प्रयोजनका लागि आवश्यक विद्युत राष्ट्रिय संग्रहालयको मुख्य लाइनबाट सवमिटर राखि उपलब्ध गराईनेछ, सवमिटर अनुसारको महसुल चमेनागृह संञ्चालक स्वयंमले भुत्तानी गर्नुपर्नेछ, लोडसेडिङ वा अन्य व्यवस्थाको लागि भने विद्युतको वैकल्पिक व्यवस्था, पानी, सञ्चार तथा चमेनागृह परिसरको सरसफाईको व्यवस्था स्वयंम सञ्चालकले गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत भएमा कबोल गरेको भाडा रकम राष्ट्रिय संग्रहालयलाई त्रैमासिक रुपमा अग्रिम भुक्तानी गर्नुपर्नेछ।

१२. प्रथमबर्ष कवोल गरेको वाहाल रकममा दोश्रो बर्षदेखि प्रत्येक वर्ष ५%(पाँच प्रतिशत) का दरले वहाल रकम बढ्नेछ।

१३. बहालकर बाहेक प्रचलित नियमानुसार नेपाल सरकार तथा स्थानिय निकायलाई लाग्ने अन्य कर सञ्चालक स्वयमले तिर्नुपर्नेछ, प्रत्येक बर्ष करचुत्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

१४. प्रस्तावकले आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्र र अन्य आवश्यक कागजपत्रहरु प्रस्तावसँगै पेश गर्नुपर्नेछ।

१५. प्रस्ताव पेश गर्दा यो सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र संग्रहालयको कार्यलयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ, सोहि दिन दिउसो २:०० बजे खोलिनेछ।

१६. कुनै कारण जनाई वा नजनाई सिलबन्दी कोटेशन स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार राष्ट्रिय संग्रहालयमा रहनेछ , साथै यो सुचनामा कुनै संशोधन भएमा कार्यलयको सुचना पाटीमा टाँस गरिनेछ। र website मा राखिने छ।

१७. सुचना सम्बन्धमा बुझ्न आवश्यक भएमा संग्रहालयको कार्यालय समयभित्र जानकारी प्राप्त गर्न सकिनेछ वा संग्रहालयको वेवसाईट www.nationalmuseum.gov.np मा पनि उपलब्ध छ।

१८. रित नपुगेका वा शर्तहरु पुरा नभएका प्रस्तावहरु मान्य हुने छैनन्।

१९. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ।